व्यास नगरकार्यपालिकाको २०२ औं बैठक आज मिति २०८१/९/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री राजकुमारी सेढाई | उपस्थित |
| का.वा. अध्यक्ष | - श्री हरिश्चन्द्र पन्थ | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |
| ईन्जिनियर | - श्री अमृत के.सी. | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८१/८/२ को कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: व्यास नगरपालिका अन्तर्गतका जग्गा वर्गीकरण प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.३: व्यास नगरपालिका शैक्षिक सुधार योजनाको प्रगति प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.४: दमौली सभाहल सञ्चालन कार्यविधि, २०८१ सम्बन्धमा ।
प्रस्ताव नं.५: आ.व. २०८१/०८२ को हालसम्मको आय-व्यय प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.६: राष्ट्रिय जेष्ठ नागरिक दिवस मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.७: सरसफाई कार्ड वितरणमा टोल विकास संस्थाको सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.८: जैविक खेती पाठशाला सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.९: जलवायु परिवर्तन अभिमुखीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१०: योजना शीर्षक परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.११: दलित समन्वय अन्तर्गत रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१२: वडा कार्यालय निर्माण साझेदारीको माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: व्यास ४ बिरता टोल अन्तर्गत बुल्दी खोलामा रहेको बाँध हटाउने सम्बन्धमा ।
प्रस्ताव नं.१४: शिक्षक दरबन्दी व्यवथापन सम्बन्धमा ।
प्रस्ताव नं.१५: "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र नविकरण सम्बन्धमा ।
प्रस्ताव नं.१६: व्यास नगर अस्पतालमा हेमा डाइलासिस सर्भिस सञ्चालन सम्बन्धा ।
प्रस्ताव नं.१७: स्वास्थ्य संस्था नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.१८: प्रतिनिधि तोक्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: फोहोर संकलन गरी बिक्रीबाट प्राप्त अम्दानी विवरण सम्बन्धमा ।
प्रस्ताव नं.२०: व्यास नगर ब्याडमिण्टन क्लवको कभर्डहल हस्तान्तरण गर्ने प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.२१: ढुङ्गा, गिट्टी, बालुवाको मादीनदी तर्फको ठेक्का सूचना अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२२: ढुङ्गा, गिट्टी, बालुवाको सेतीनदी तर्फको ठेक्का रद्द गरी पुनः ७ दिने सूचना अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२३: टेण्डर नपरेका मादिनदी तर्फको ढुङ्गा, गिट्टी उत्खनन् सम्बन्धमा ।
प्रस्ताव नं.२४: घाट गद्दी प्रमाणित नभएका ढुङ्गा, गिट्टी, बालुवा जफत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२५: बाराही क्वारेजबाट खानी सम्बन्धी ढुङ्गा निकासी बाहेकका ढुङ्गामा कर लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.२६: चिस्यान केन्द्रको विद्युत महसुल सम्बन्धमा ।
प्रस्ताव नं.२७: नगर सभामा पेश गरिने प्रस्ताव तयारी सम्बन्धमा ।
प्रस्ताव नं.२८: निजामती सेवा दिवस सम्बन्धमा ।
प्रस्ताव नं.२९: ६१ औं इन्जिनियरिङ्ग दिवस मनाउने सम्बन्धमा
प्रस्ताव नं.३०: अत्यावश्यक विभिन्न कार्यमा विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.३१: क्षेत्रगत सूचना प्रणालीमा आधारित खानेपानी सरसफाई तथा स्वच्छता योजना तर्जुमा सम्बन्धी कार्यविधि २०८१ लागु गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३२: व्यास ५ वेतेनीको तनहुं हाईड्रोबाट निस्किएका सामग्री बिक्री सम्बन्धमा ।
प्रस्ताव नं.३३ शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/०८/२३ को भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका जग्गाहरुलाई यस अघि कृषि र गैह्र कृषिमा मात्र वर्गीकरण भएकोमा नेपाल सरकारको मापदण्ड अनुसार वर्गीकरण गर्न परामर्श सेवाको जिम्मा लिएका विज्ञबाट आजको बैठकमा प्रतिवेदन पेश हुँदा संशोधन सहित १४ वटै

वडाका नक्साहरुलाई पारित गर्ने निर्णय भएकाले सम्बन्धित जग्गाधनीहरुलाई वर्गीकरण उपर दावी गर्न ३५ दिने सूचना प्रकाशित गर्न घर नक्सा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको नगर शिक्षा सुधार योजना सम्बन्धी प्रगति विवरण नगर शिक्षा एवं सामाजिक विकास शाखा प्रमुख र परामर्शदाताबाट प्रस्तुत भएकोमा सरोकारवालाहरुसँग छलफल गरी अन्तिम प्रतिवेदन २०८१ माघ मसान्तभित्र पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा जिल्ला समन्वय समिति प्रमुख, सुरक्षा निकाय प्रमुख, उद्योग वाणिज्य संघ तनहुँका प्रमुख पत्रकार महासंघ तनहुँ शाखाका प्रमुख, सक्रिय राजनैतिक दलका जिल्ला एवं नगरस्तरीय प्रतिनिधिहरुसँगको परामर्श समेतका आधारमा दमौली सभागृह सञ्चालन कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८१/०८२ मा मार्ग मसान्तसम्मको कुल आय रू.५१,२३,०४,३७८/४३ (२४%) भई रू.३५,७९,७८,६१०/७७ (१६%) खर्च भएको, सामाजिक सुरक्षा तर्फ २५% भुक्तानी भएको र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गत १३% उपलब्धि प्राप्त भएको आर्थिक प्रशासन शाखाबाट जानकारी प्राप्त भई योजनाहरु कार्यान्वयन गर्नलाई तीव्रता दिन सम्बन्धित वडाहरु र शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा २०८१/९/११ गते राष्ट्रिय जेष्ठ नागरिक दिवस भएकाले सबै वडाहरुमा जेष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्य गर्न गराउन स्वास्थ्य शाखा र जेष्ठ नागरिक सेवा केन्द्रमा सम्मान लगायतका कार्यक्रमहरु गर्न गराउन महिला बालबालिका जेष्ठ नागरिक उपशाखालाई निर्देशन दिने निर्णय गरियो । साथै जेष्ठ नागरिक केन्द्रहरु भएका वडा नं. १, ३, ५, १० को खाजा समेतका लागि बजेट शीर्षक नं.८८ (क.सं. १०१) बाट रू.१,००,०००। (अक्षेरुपी एक लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा सरसफाई सदस्यता कार्ड टोलहरुमा वितरण भइरहेकाले आगामी नगर सभाबाट अनुमोदन हुने गरी टोल विकास संस्थालाई सदस्यता शुल्कमा १०% प्रोत्साहन सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा गोवर्धन शर्मा कृषि अध्ययन अनुसन्धान अन्तर्गत व्यास १० गौसंरक्षण केन्द्रमा इच्छुक १४ वटै वडाका कृषकहरुलाई जैविक खेती पाठशाला सञ्चालन गर्न बजेट शीर्षक नं. ११९ (क.सं. १३३) बाट रू.३,००,०००। (अक्षेरुपी तीन लाख) विनियोजन गरी कृषि, पशु तथा सहकारी विकास शाखालाई प्रस्ताव अनुसारको प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा जलवायु परिवर्तन सम्बन्धमा गैह्र सरकारी संस्था महासंघ तनहुँको तर्फबाट मिति २०८१/९/१० गते अभिमुखीकरण कार्यक्रम नगरपालिकामा आयोजना गरेकाले सबै कार्यपालिका पदाधिकारीले वडा सदस्यहरुलाई सूचित गरी कार्यक्रमको संयोजन गर्न वन, वातावरण तथा सरसफाई शाखालाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा वडा नं.४ र १० का योजनाहरु निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका वडा नं.४ को वडा समितिको निर्णय र पत्र अनुसार आ.व.२०८१/०८२ को वडागत बजेट क.सं. ५१५ (व.शि.नं. ४४२) मा कालिमाटी मार्गको स्तरोन्नतिको लागि विनियोजित रकम रू.३,००,०००। (अक्षेरुपी तीन लाख) झिल्के मार्गको स्तरोन्नतिका लागि खर्च गर्ने र क.सं.१८९ (बजेट शीर्षक नं.१७३) को पञ्चे बाजा तालिमका लागि विनियोजित रकम रू.२,५०,०००। (अक्षेरुपी दुई लाख पचास हजार) रकम मध्ये १,५०,०००। (एक लाख पचास हजार) दलित समुदायलाई प्याड तालिममा खर्च गर्ने र बाँकी रकम अन्य तालिममा खर्च गर्ने गरी शीर्षक परिवर्तनका लागि माग भई आएकाले आगामी नगर सभामा अनुमोदन हुने गरी वडाको निर्णयानुसार गर्ने ।

(ख) वडा नं.१० को बजेट शीर्षक नं.६०३ (क्र.सं.६७६) मा रहेको बोटेटारदेखि शिव मा.वि.जोड्ने सडक स्तरोन्नतिमा रहेको रू.२,००,०००। (अक्षेरुपी दुई लाख) हिमपानी टोल सडक बत्ती जडानमा खर्च गर्ने गरी नगर सभाबाट अनुमोदन हुने गरी स्वीकृति दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका दलित समन्वय समितिको प्रस्ताव अनुसार आ.व.२०८१/०८२ को बजेट शीर्षक नं.९९ (क्र.सं. ११२) को बजेट अन्तर्गत निम्नानुसार खर्च गर्ने गरी अनुमोदन गर्ने निर्णय गरियो ।

(क) कक्षा ११ भन्दा माथि उच्च शिक्षामा नियमित अध्ययन गर्ने दलित छात्र-छात्रालाई वितरण गरिने छात्रबृत्तिमा रू.३,००,०००। (अक्षेरुपी तीन लाख)

(ख) सबै वडागत दलित, गैह्र दलित अन्तरघुलन कार्यक्रममा रू.४,२५,०००। (अक्षेरुपी चार लाख पच्चीस हजार)

(ग) दलितहरुको व्यवसायिक प्रवर्द्धन रू.५,७०,०००। (अक्षेरुपी पाँच लाख सत्तरी हजार)

(घ) बैठक/अनुगमन व्यवस्थापन रू.१,००,०००। (अक्षेरुपी एक लाख)

**जम्मा : रू.१३,९५,०००। (अक्षेरुपी तेह्र लाख पन्चानब्बे हजार)**

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखराबाट मिति २०८१/८/३० मा प्रकाशित सूचना अनुसार स्थानीय सरकारहरुसँग प्रशासकीय र वडा कार्यालय सम्पन्न भएका पालिकाहरु बाहेकका गण्डकी प्रदेश सरकार अन्तर्गतका बाँकी पालिकाहरुसँग स्थानीय तहको प्रशाकीय भवन साझेदारी कार्यक्रम अन्तर्गत १५ दिनभित्र प्रस्ताव पेश गर्न माग भई आएकाले सो म्यादभित्र व्यास नगरपालिका वडा नं.३ को वडा भवन कार्यालय परिमार्जन म्यादभित्रै प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं.४ को पत्रानुसार बिरता टोल अन्तर्गत बुल्दी खोलामा बीचमा रहेको ग्याबिन बाँध र पुथ्वी राजमार्गबाट बिरता टोल जाने साविक कल्भर्टको भत्कन बाँकी भाग सरोकारवालासँग समन्वय गरी हटाउन घर व्यक्ति तथा विपद् शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका निम्न विद्यालयमा निम्नानुसार दरबन्दी व्यवस्थापन गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

(क) व्यास ७ क्यामिनकोट मा.वि.मा कार्यरत विज्ञान विषय नि.मा.वि.दरबन्दीमा कार्यरत शिक्षक श्री सविना थापालाई व्यास ६ मादवेंसी स्थित माहेन्द्री आधारभूत विद्यालयमा नि.मा.वि. दरबन्दी सहित कामकाजका लागि खटाउने ।

(ख) व्यास ६ मादिवेसी स्थित माहेन्द्री आधारभूत विद्यालयमा रहेको नि.मा.वि. विज्ञान विषयको रिक्त दरबन्दी व्यास १४ केशवटार मा.वि. मा कायम गर्ने ।

(ग) व्यास १४ केशवटार मा.वि., प्रा.वि. तृतीय स्थायी दरबन्दीमा कार्यरत शिक्षक श्री खिम कुमारी शर्मालाई व्यास ५ उदय मा.वि.को प्रा.वि. दरबन्दी सहित स्थानान्तरण गरी कामकाजका लागि खटाउने ।

(घ) व्यास ६ उदय मा.वि. मा रिक्त हुन आएको प्रा.वि. दरबन्दी व्यास ७ क्यामिनकोटमा कायम गरी सरुवा विज्ञापन गर्न अनुमति दिने ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुंदा नविकरण अवधि समाप्त भई नवीकरण हुन नसकेको "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र नवीकरण सम्बन्धमा व्यास नगरपालिका "घ" वर्ग निर्माण व्यवसायी इजाजत पत्र मुल्याङ्कन समितिबाट सिफारिस भई आएको देहाय बमोजिमको निर्माण व्यवसायी इजाजत पत्रलाई व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ को (पाँचौं संशोधन) बमोजिम आवश्यक दस्तुर लिई नवीकरण गर्ने निर्णय गरियो ।

| क्र.सं. | फर्मको नाम | इजाजत पत्र नं. | फर्मको ठेगाना | प्रोपाइटरको नाम | प्रोपाइटरको ठेगाना |
|---|---|---|---|---|---|
| १. | पनेरु कन्स्ट्रक्सन | ३६/०६५/०६६ | व्यास २ | टिकाराम पनेरु | बन्दिपुर गा.पा. ४ डुम्रे |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुंदा गण्डकी प्रदेश सरकार स्वास्थ्य मन्त्रालय पोखराको मिति २०८१/७/२७ च.नं. ४९८ (२०८१/०८२) को पत्रानुसार गण्डकी प्रदेश सरकार मन्त्रीपरिषद्को प्र.म.प.वै.स. २६/०८१ मिति २०८१/७/१२ को बैठकमा पेश हुँदा "दमौली अस्पताल तनहुँ र व्यास नगरपालिका बीच सम्झौता गरी व्यास नगरपालिका समेतको सहकार्य तथा दमौली अस्पतालको व्यवस्थापनमा सञ्चालन हुने गरी दमौली अस्पतालमा सञ्चालित हेमो डाइलासिस सेवालाई व्यास न.पा. १० दुम्सी बजार स्थित व्यास नगर अस्पतालमा स्थानान्तरण गरी सेवा सञ्चालन गर्न स्वीकृती प्रदान गर्ने" निर्णय भई कार्यार्थ भनी बोधार्थ पत्र प्राप्त भएकाले बिरामीहरुको संवेदनशिलतालाई ध्यानमा राखी प्रदेश सरकारको के के दायित्व रहने र व्यास नगरपालिकाले के के दायित्व लिने आवश्यक पूर्वाधार अक्सीजन, रगत, आकस्मिक सेवा समेतमा के कसरी व्यवस्थापन गर्ने ? एकिन गरी मात्र सम्झौतामा जान सकिने हुँदा आवश्यक तयारीका लागि व्यास नगरपालिका स्वास्थ्य शाखा र व्यास नगर अस्पताल व्यवस्थापन समितिलाई दमौली अस्पतालसँग छलफल गरी निष्कर्ष पेश गर्न निर्देशन दिने र सो को जानकार प्रदेश सरकार स्वास्थ्य मन्त्रालयलाई समेत गराउने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुंदा नगरपालिकाको क्षेत्राधिकार र नियमन गर्न पर्ने निजी स्वास्थ्य संस्थाहरुको नियमानुसार नयाँ दर्ता तथा नविकरण गर्ने कार्य गर्न स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

निजी स्वास्थ्य संस्थाको नवीकरण गर्नुपर्ने विवरण :

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | प्रकार | नवीकरण सकिएको मिति | नवीकरण अवधि |
|---|---|---|---|---|
| १. | सन्चो स्वास्थ्य क्लिनिक | स्वास्थ्य क्लिनिक | २०८१ आषाढ मसान्त | २०८२ आषाढ मसान्त |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुंदा जिल्ला काठमाण्डौं का.म.न.पा. वडा नं. १ कमलादीमा कर्पोरेट कार्यालय रहेको बाराही क्वोरिज प्रा.लि. को तर्फबाट अख्तियार प्राप्त सञ्चालक निरेन्द्र प्रधानको वारेस जिल्ला लमजुङ मध्यनेपाल न.पा. वडा नं. ४ बस्ने आरती पण्डित क्षेत्री रिट निवेदक र व्यास नगरपालिका समेत विपक्षी भएको उत्प्रेषण परमादेश मुद्दामा व्यास नगरपालिकाको नाउँमा श्री उच्च अदालत (रिट शाखा 081-WO-0102/202) पोखराबाट जारी भएको १५ (पन्ध्र) दिने म्याद मिति २०८१/८/२७ गते प्राप्त भएकाले उक्त मुद्दाको लिखित जवाफ लेखी पेश गर्न र मुद्दाको पुर्पक्ष लगायत सम्पूर्ण काम गर्नका लागि व्यास नगरपालिकाको तर्फबाट सहायक प्रशासकीय अधिकृत श्री विश्वनाथ पौडेललाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुंदा वन, वातावरण तथा सरसफाई शाखाबाट संकलन गरी २०८१ मार्ग मसान्तसम्म विकी गरिएका सिशा, पानी बोतल, प्लेट बोतल, कवाडीजन्य बस्तुहरु, प्लाष्ट्रिक समेतबाट रू.५,००,५३९/२६ (अक्षेरुपी पाँच लाख पाँच सय उनान्चालीस पैसा छब्बीस) आय भएको विवरण प्राप्त भएकाले सरसफाई शाखालाई धन्यवाद प्रदान गरी थप आयका लागि क्रियाशिल हुन र मासिक आय बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ वि.पि. वनवाटिका खेल मैदानमा साविक जिल्ला खेलकुद समितिका नाउँमा तत्कालिन जिल्ला विकास समितिबाट साविक तनहुँ फराकचौर ९/ग कि.नं.२०२९ को २-०-०-० जग्गा आ.व.२०६३/०६४ देखि २०६९/०७० सम्म भोगाधिकार नवीकरण भई कभर्डहल निर्माण भएकोमा उक्त कभर्डहललाई कायम राख्दा (11 A Side) फुटवल ग्राउण्ड नपुग्ने हुँदा नगरपालिकाले उक्त कभर्डहल स्थानान्तरण गरी जिल्ला समन्वय समतिसिँग सम्झौता गरी ५ वर्ष उपभोगको रुपमा रहेको जिल्ला सभाकै स्वामित्वको वि.पि. वनवाटिकामा करिव ९५% निर्माण सम्पन्न भएको कभर्डहल सञ्चालनका लागि व्यास नगर व्याडमिण्टन क्लवको माग भई आएकोले जिल्ला समन्वय समिति, जिल्ला खेलकुद समिति तनहुँसँग समन्वय गरी उक्त कभर्डहलको सञ्चालन, मर्मत

सम्हार, विद्युत लगायतका नियमित खर्चका दायित्व समेत एकिन गरी हाललाई बढीमा २ वर्षका लागि सञ्चालन जिम्मा दिन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुंदा आर्थिक बर्ष २०८१/०८२ का लागि मादी तथा सेती नदी घाट अन्तर्गत नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण गर्नका लागि आई.ई.ई. प्रतिवेदन र प्राविधिक प्रतिवेदनका आधारमा मिति २०८१/६/२३, २०८१/७/२७ र २०८१/८/१८ गते विद्युतीय बोलपत्र आब्हान गरिएकोमा कुनैपनि बोलपत्र नपरेको हुंदा कार्यालयले निर्धारण गरेको तपसिल बमोजिमको न्यूनतम रकमबाट बढावढ हुने गरी पुनः चौंथो पटक ७ दिनको ठेक्का सूचना आब्हान गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

| क.सं. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | मादी नदीको ढुङ्गा, गिट्टी, बालुवा (चापाघाट मादीको पक्की पुलदेखि सिशाघाट पक्की पुलसम्म) | २८४९१८०/६१ | २५६४२६२५/५४ | |

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र मादीसेती नदीको नदीजन्य पदार्थ उत्खनन् तथा विक्री गर्ने कार्य (निउरोघारीदेखि खहरे डाँढखोलासम्म) (ठेक्का नं. RE-07/VYASREV/2081.082) को लागि मिति २०८१/८/१८ गते नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना आब्हान गरिएकोमा बोलपत्र सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम बोलपत्र दाताले विद्युतीय बोलपत्र खरिदको लागि फिर्ता नहुने गरी रू.३,०००। (तीन हजार) नगरपालिकाको राजश्व खातामा दाखिला गरेको भौचर र बोलपत्र जमानत (विडबण्ड) को लागि रू.३,५२,३३५। (अक्षेरुपी तीन लाख बाउन्न हजार तीन सय पैंतिस) रकम नगरपालिकाको धरौटी खातामा जम्मा गरेको भौचर समावेश गरेको हुनुपर्नेमा बोलपत्र दर्ता गराउने एक मात्र फर्म श्री अंगेर भंगेर निर्माण कुन्चेबारी स्याङजाले माथि उल्लेखित भए बमोजिम बोलपत्र फाराम खरिद दस्तुर र बोलपत्र जमानत रकम दाखिला गरेको नदेखिएको हुँदा श्री अंगेर भंगेर निर्माण सेवा कुन्चेबारी स्याङजाले दर्ता गराएको बोलपत्र अस्वीकृत गरी पुनः ७ दिनको बोलपत्र सम्बन्धी सूचना आब्हान गरिएकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुंदा व्यास नगरपालिका वडा नं. ५, ६, ७, १० अन्तर्गत मादी नदीको ढुङ्गा, गिट्टी, बालुवा ३ पटकसम्म चापाघाट मादिको पक्की पुलदेखि शिशाघाट पक्की पुल (मापदण्ड छाडी) २८,४९,१८०।६१ घनमिटरको न्यूनतम रकम रू.२,५६,४२,६२५।२४ (अक्षेरुपी दुई करोड छपन्न लाख बयालीस हजार छ सय पच्चीस पैसा चौबिस) मा मिति २०८१/६/२३, २०८१/७/२७ र २०८१/८/१८ गते विद्युतीय बोलपत्र गर्दा समेत ठेक्का नपरेकोमा पुनः अन्तिम पटक ७ दिने सूचना मिति २०८१/८/२७ मा जारी गरिएकोमा ठेक्का पर्न नआएकाले नगरपालिकाकै अमानतबाट कर्मचारी खटाई मादी नदीको प्राकृतिक स्रोत उत्खनन् तथा बिक्री गर्न व्यास नगर राजश्व परामर्श समितिबाट निर्णय भई आएकोले सो सम्बन्धमा छलफल गर्दा मादी नदी पुलदेखि शिशाघाट पुलसम्मको वातावरणीय अध्ययन प्रतिवेदन २ वटा अलग-अलग भएको तर एकमुष्ठ टेण्डर हुदै आउँदा ठूलो रकमको हुँदा टेण्डर नपरेको हुन सक्ने भएकाले मादी नदीको पुलदेखि कलेस्ती दोभानसम्म (वडा नं.५ र १० अन्तर्गत मात्र) र कलेस्ती दोभानदेखि शिशाघाट पुलसम्मको (वडा नं.६ र ७) को वातावरणीय अध्ययन प्रतिवेदन र कार्यालयको प्राविधिक प्रतिवेदनको मात्रा अनुसार यस अघि तोकिएको न्यूनतम रकममा कम नहुने गरी प्रदेश सरकारले तोकेको दर अनुसार छुट्टा-छुट्टै वातारणीय प्रतिवेदन र प्राविधिक प्रतिवेदन अनुसार दुई खण्ड मानी अलग-अलग हुने गरी ७ दिनको बोलपत्र आब्हानको सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने र सोको अन्तिम टुङ्गो नलाग्दासम्म आर्थिक ऐनको दर र मु.अ. कर अग्रीम आय कर समेत जोडी अमानतमा उठाउने र टेण्डर परेको अवस्थामा कार्यालयबाट अमानतमा उठेको रकम मिलान गरी नियमानुसार आवश्यक प्रकृया अगाडि बढाउन कार्यालयलाई नर्देशन दिने निर्णय गरियो । साथै अमानतमा बिक्री गर्दा निम्नानुसार डिपो राख्ने समेत निर्णय गरियो ।

**(क) वडा नं.५ र १० अन्तर्गत कलेस्ती दोभानसम्म मात्र :**

(१) चापाघाट डिपो वडा नं.५

(२) कुमलटारी डिपो वडा नं.१०

(३) दुम्सी बजार डिपो वडा नं.१०

**(ख) वडा नं. ६ र ७ अन्तर्गत कलेस्ती दोभानदेखि शिशाघाटसम्म :**

(१०) मादीवेंसी डिपो वडा नं.६

(२) शिशाघाट डिपो वडा नं.६

(३) सत्रसय डिपो वडा नं.७

(४) शेरा डिपो वडा नं.७

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हँदा व्यास नगरपालिकाबाट घाटगद्दी प्रमाणित नभएका ढुङ्गा, गिट्टी, बालुवा चोरी गरी बिक्री वितरण भएको पाइएकाले त्यस्ता सामग्रीहरु जफल गरी नियमानुसार जरिवाना गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० मा रहेको बाराही क्वारिजले खानी विभागबाट स्वीकृति लिई ढुङ्गा उत्खनन् गरी केही ढुङ्गाहरु नगरपालका भित्रकै विभिन्न निर्माण व्यवसायीलाई बिक्री गरिरहेको देखिंदा सोको अनुमति वातावरणीय अध्ययन प्रतिवेदन अध्ययन गरी नियम विपरित बिक्री भएका सामग्रीको नियमानुसार कर असुली गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.११ गैह्राबारीमा रहेको चिस्यान केन्द्र सञ्चालन गर्दा विद्युत महशुल र अन्य तयारी समेत वार्षिक १२,१९,०००। (अक्षेरुपी बाह्र लाख उन्नाइस हजार) भन्दा बढी खर्च हुने अवस्था देखिंदा स्थानीय कृषि सहकारी गाउँ नगर साझेदारी सहकारी र सूचीकृत कृषक समूहले खरिद प्रकृया अनुसार जिम्मा लिएमा ५०% विद्युत महशुल नगरपालिकाले व्यहोर्ने र कुनै समूह वा सहकारीले जिम्मा लिने अवस्था नआएमा कृषि, पशु, सहकारी विकास शाखा मार्फत सञ्चालन प्रकृया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/९/२६ गते हुने नगर सभामा विभिन्न प्रस्तावहरु पेश गर्ने दायित्व सम्बन्धित समितिमा रहने गरी मिति २०८१/८/२३ को बैठकबाट तोकिएकोमा निम्नानुसार जिम्मा रहने गरी आवश्यक तयारी गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(क) आर्थिक ऐन, मा कुनै संशोधन आवश्यक देखिएमा राजश्व परामर्श समितिबाट प्रस्ताव तयार गरी पेश गर्ने ।

(ख) आ.व. २०८१/०८२ को बजेट कार्यक्रममा कुनै संशोधन देखिएमा बजेट तर्जुमा समितिबाट प्रस्ताव तयार गरी पेश गर्ने ।

(ग) कुनै नयाँ विधेयक वा चालु ऐनहरुमा संशोधन गर्नु परेमा विधायन समितिबाट प्रस्ताव तयार गरी पेश गर्ने ।

(घ) कर्मचारी संगठनको संरचनामा संशोधन गर्नुपर्ने देखिएमा सुशासन समितिबाट प्रस्ताव तयार गरी पेश गर्ने ।

(ङ) न्यायीक समिति, लेखा समिति, खेलकुद समिति, पूर्वाधार विकास समिति, सामाजिक विकास समिति लगायत विषयगत समितिहरुबाट आ-आफ्ना समितिका गतिविधिहरुको प्रतिवेदन पेश गर्ने ।

(च) नगर सभाबाट पारित गर्नुपर्ने विभिन्न प्रस्तावहरु पेश गर्न नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी तोक्ने ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा मिति २०८१/५/२० गते निजामती सेवा दिवस मनाउने क्रममा अवकाश प्राप्त कर्मचारीहरुलाई सम्मान गर्न आवश्यक दोसल्ला र प्रमाणपत्रको लागि

भएको खर्च रू.४७,०००। (अक्षेरुपी सत्चालीस हजार मात्र) विविध खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुंदा नेपाल इन्जिनियरिङ्ग एसोसियसन गण्डकी प्रदेशको आयोजनामा ६१ औं इन्जिनियरिङ्ग दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रममा कार्यपत्र प्रस्तुती लगायतको कार्यक्रममा व्यास नगरपालिकाबाट ४ जना इन्जिनियरिङ्ग/आर्किटेक्टको संस्थागत सहभागी दर्ता शुल्क वापत प्रति व्यक्ति रू.५,०००। (अक्षेरुपी पाँच हजार) का दरले रू.२०,०००। (अक्षेरुपी बिस हजार मात्र) इन्जिनियरिङ्ग एशोसियसन गण्डकी प्रदेशलाई विविध खर्च शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुंदा विपद्जन्य कार्यमा तत्काल गर्नुपर्ने भएकोले निम्नानुसार राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

| सि. नं. | योजना/विपद | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | मुसेखोला आमा समूह भवन सेफ्टी ट्याङ्क निर्माण | १ | ५०,०००।- | ८१७ |
| २. | अकला बगैंचा पुरानो छाब्दी मार्ग नाला निर्माण | १ | १,५०,०००।- | ८१७ |
| ३. | मिलीजुली पतन्जली योग साधना सामग्री खरिद | १ | २५,०००।- | ८१७ |
| ४. | अकला बगैंचा टोल सडक बत्ती व्यवस्थापन | १ | १,१०,०००।- | ७७६ |
| ५. | जनजागृती टोल आमा समूह महिला नेतृत्व विकास कार्यक्रम | २ | ५०,०००।- | ९८ |
| ६. | मालेबगर टोल बुल्दीखोला तटबन्धन बस्ती संरक्षण | २ | ३,५०,०००।- | विपद् |
| ७. | ल्होसार पर्व व्यवस्थापन, गुरुङ्ग राष्ट्रिय परिषद् तनहुँ | ३ | ८०,०००।- | १०० |
| ८. | दरै भारकोटे सेवा समाज धार्मिक स्थल निर्माण | ५ | २,००,०००।- | ८१७ |
| ९. | सानु श्रेष्ठको गोठ टौवा आगलागी राहत | ५ | १५,०००।- | विपद् |
| १०. | सिन्धु पुस्तकालय व्यवस्थापन सहयोग | ६ | २५,०००।- | ७९ |
| ११. | कुसुण्डे शेर बहादुर घर्तीको घरसम्म जाने बाटो स्तरोन्नति | ६ | ३०,०००।- | ८१७ |
| १२. | रत्नज्योति आधारभूत विद्यालय खानेपानी पाइप खरिद | ६ | ३५,०००।- | ७७२ |
| १३. | शिशाघाट ढाँड विश्वकर्मा अधुरो सामुदायिक भवन निर्माण | ६ | १,००,०००।- | ८१७ |
| १४. | ठूलोखेत सिंचाई पाइप खरिद (बल बहादुर लगायत) | ८ | १६,०००।- | ७७४ |
| १५. | बर्लाची पारस ओझा घर संरक्षण पैह्रो नियन्त्रण | ८ | १,००,०००।- | विपद् |
| १६. | पोखरीडाँडा सानोचौर टोल कांडे बाँध कुलो मर्मत | ९ | ९५,०००।- | ७७४ |
| १७. | माइथुम्का मंगली गैह्रा खानेपानी ट्याङ्की निर्माण | १० | १,५०,०००।- | ७७२ |
| १८. | सिर्जना आमा समूह सामुदायिक भवन संरक्षण | ११ | १,००,०००।- | विपद् |
| १९. | विन्दु अधिकारी चापकटर खरिद | ११ | २५,०००।- | ११८ |
| २०. | छिर्कन स्वास्थ्य चौकी संरक्षण नाला निर्माण | १२ | ३,८०,०००।- | ७७७ |
| २१. | धारापानी खानेपानी तथा सरसफाई पाइप खरिद | १२ | १,४०,०००।- | ७७२ |
| २२. | चिसापानी टोल भङ्गभङ्गे कल्भर्ट बाटो संरक्षण | १३ | १,८०,०००।- | विपद् |
| २३. | बुद्धसिं मोटर मार्ग सुडे देखिमास्दीसम्म पहिरो सफाई | १४ | ९७,५००।- | विपद् |
| २४. | पोखरा हटलाइन विज्ञापन सहयोग, पोखरा | | १५,०००।- | ३७ |
| २५. | राष्ट्रिय आदिवासी महिला नेतृत्व एवं क्षमता विकास | | ५०,०००।- | ९८ |
| २६. | महिला मानव अधिकार संरक्षण कार्यक्रम | | ७०,०००।- | ९८ |
| २७. | एकिकृत महिला समूह तनहुँ कार्यक्रम सहयोग | | २,००,०००।- | ८६ |
| २८. | पूर्वाञ्चल गन्धर्व साँस्कृतिक उत्थान कार्यक्रम सहयोग | | २५,०००।- | १०० |
| २९. | हरिश्चन्द्र भट्टराइलाई दमौली देखि काठमाण्डौंसम्म पुऱ्याएको नेपाल रेडक्रस सोसाइटी दुम्सीकोटलाई एम्बुलेन्स भाडा भुक्तानी | | १२,०००।- | ४८ |

| | | | | |
|---|---|---|---|---|
| ३०. | भाषा साहित्य कला संरक्षण अन्तर्गत भ्रमण खर्च | | ७१,०००।- | १०० |
| ३१. | घुम्ती शौचालय मर्मत | | १,९५,०००।- | ७६६ |
| ३२. | आदिप्रयागः एक अध्ययन २५ थान पुस्तक खरिद | | २२,४७७।- | ११८ |

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार खानेपानी मन्त्रालयबाट संघ, प्रदेश र स्थानीय तहको आपसी समन्वय र सहकार्य मार्फत खानेपानी सरसफाई सेवाको विकास तथा अनुगमनका लागि क्षेत्रगत सूचना प्रणाली (NWASH-MIS) मा आधारित योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक कार्यविधि मन्त्रालयबाट २०८१/९/२ मा पारित गरी जारी गरिएकाले सो कार्यविधिलाई पालना गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा तनहुँ विद्युत परियोजना निर्माणको कममा व्यास ५ वेतेनी क्षेत्रमा निस्किएको ढुंगा, गिट्टी, वालुवाको नियमानुसार बिकी प्रकिया अघि बढाउन राजश्व परामर्श समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३३:** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं. १२ का अध्यक्ष श्री बम बहादुर आलेको ममतामयी माता इन्द्रमाया आलेको ८१ बर्षको उमेरमा मिति २०८१/९/५ गते दुःखद निधन भएकाले बैठकबाट शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

***